**आकाशवाणी समाचार- नेपाली**
**मितिः २१ जूलाई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु तीन-राष्ट्रको आफ्नो भ्रमणको दोस्रो चरणमा उत्तरी म्यासेडोनिया पुग्नुभएको छ। उहाँले राष्ट्रपति गोर्डाना सिलजानोवस्का – दावकोवाका साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ।
- विदेश मंत्री डॉ. एस. जयशंकरले नयाँ दिल्लीमा पनामाका विदेश मंत्री हावियेर एडुआर्डो मार्टिनेज-आचा वास्केज़सित भेटवार्ता गर्नुभयो।
- हिजो नयाँ दिल्लीमा भएको विरोध प्रदर्शनमा 118 भन्दा बढी पुलिसकर्मी घाइते भएका छन्।
- भारतले यूक्रेनको ओडेसा बंदरगाहबाट प्रस्थान भईरहेको जहाज एमवी गोल्डन लियोमा भएको हमलाको कड़ा निंदा गरेको छ। यस हमलामा चार भारतीय नागरिकहरुको मृत्यु भएको छ भने, एक भारतीय गंभीर रूपमा घाईते भएका छन्।
- जम्मू-कश्मीरमा मूसलाधार वर्षा सम्बन्धित नयाँ घटनामा थप 12 जनाको मृत्यु भएको छ यसका साथै पछिल्लो तीन दिनमा मर्नेहरुको संख्या 23 भएको छ।
- पीवी सिंधुले आज देखि शुरू होने चाईना ओपन 2026 ब्याडमिन्टन प्रतियोगितामा भारतीय टीमको नेतृत्व गर्नेछिन्।

**राष्ट्रपति - म्यासेडोनिया यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु तीन-राष्ट्रको आफ्नो भ्रमणको दोस्रो चरणमा उत्तरी म्यासेडोनिया पुग्नुभएको छ। यो कुनै पनि भारतीय राष्ट्रपतिको उत्तरी म्यासेडोनियाको पहिलो भ्रमण हो। राष्ट्रपति मुर्मुले म्यासेडोनियाका राष्ट्रपति गोर्डाना सिलजानोवस्का – दावकोवाका साथ द्विपक्षीय वार्ता गर्नुहुनेछ। उहाँले प्रधानमन्त्री क्रिस्टिजन मिकोस्की, विधानसभा अध्यक्ष अफ्रिम गाशीसित पनि भेट गर्नुहुनेछ र उत्तरी म्यासेडोनियाको विधानसभालाई सम्बोधित गर्नुहुनेछ । राष्ट्रपतिले भारत-उत्तर म्यासेडोनिया व्यापार मञ्चलाई पनि सम्बोधित गर्नुहुनेछ। दुवै पक्ष कृषि, फार्मास्यूटिकल्स, विज्ञान र प्रौद्योगिकी, सूचना प्रौद्योगिकी र, सूचना प्रौद्योगिकी सक्षम सेवाहरू - ITES जस्ता प्राथमिकता क्षेत्रहरूमा आर्थिक सम्बन्धलाई गहिरो बनाउन इच्छुक छन्।राष्ट्रपति मुर्मुले सेन्ट स्पास चर्चको पनि भ्रमण गर्नुहुनेछ र म्यासेडोनियका प्रख्यात क्रान्तिकारी गोसे डेल्चेवको समाधिमा पुष्पांजलि अर्पित गर्नुहुनेछ।

**प्रधानमन्त्री -एन डी ए**

राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) संसदीय दलको साप्ताहिक रणनीति बैठक आज बिहान संसद भवनमा बस्दैछ। बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गर्ने कार्यक्रम छ।

**जयशंकर-पनामा**

विदेश मंत्री डॉ. एस. जयशंकरले नयाँ दिल्लीमा पनामाका आफ्ना समकक्षी हावियेर एडुआर्डो मार्टिनेज-आचा वास्केज़ सित भेटवार्ता गर्नु भयो। हिज भएको यस बैठकमा डॉ. जयशंकरले लैटिन अमरीका अनि कैरिबियन क्षेत्रको लागि प्रवेश द्वार मानिने पनामा सितको भारतको सम्बन्धलाई अझ बलियो बनाउने महत्व माथि जोर दिनु भयो। दुवै नेताहरुले व्यापार, व्यवसाय,

विकास, समुद्री ममीलाहरु, स्वास्थ्य, कृषि, शिक्षा र डिजिटल सहयोगलाई अघि बढ़ाउन सहित अन्य कैयन विषयहरुमा व्यापक गर्नु भयो। उहाँहरुले बहुपक्षीय मंचमा सहयोगको बारे पनि कुराकानी गर्नु भयो।

**दिल्ली पुलिस- प्रोटेस्ट घायल**

हिजो नयाँ दिल्लीमा भएको विरोध प्रदर्शन हिंसात्मक बन्दै जाँदा 118 भन्दा बढी पुलिसकर्मी घाइते भएका छन्। घाइते हुनेहरूमा विशेष पुलिस आयुक्त ,संयुक्त पुलिस आयुक्त, अतिरिक्त आयुक्त र उपायुक्त पदका वरिष्ठ अधिकारीहरू सामेल छन्।दिल्ली पुलिसले एक विज्ञप्तिमा भनेको छ कि प्रदर्शनकारीहरूले आक्रामक र हिंसात्मक व्यवहार गरे। चेतावनी र कानुनी निर्देशहरूको बाबजुद पनि उनीहरूले निषेध आदेशहरू उल्लङ्घन गरे। दिल्ली पुलिसले ,प्रदर्शनकारीहरूले पुलिसमाथि हमला गरेको, र पुलिस अन्य सरकारी गाड़ीहरूमा तोडफोड गरेको र हिंसात्मक गतिविधि गरेको बताएको छ।पुलिसले घाइते पुलिसकर्मिहरूको मेडिकल- लीगल जांच चलिरहेको बताएको छ। झडपका क्रममा लगभग 60 प्रदर्शनकारी घाइते भएको पनि बताइएको छ।पुलिस अनुसार करिब 70 जना प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ र उचित कानुनी कारबाही भइरहेको छ।भारतीय न्याय संहिता र अन्य कानून अन्तर्गत प्राथमिकी दर्ता भइरहेको छ।दिल्ली पुलिसले हिंसामा संलग्न सबैमाथि कडा कारबाही गरिने बताएको छ।

**नड्डा-प्रदर्शनकारी मुलाकात**

केन्द्रीय मन्त्री जगत प्रकाश नड्डाले हिजो नयाँ दिल्लीमा प्रदर्शनकारीका प्रतिनिधिहरूसित भेट गर्नुभयो। श्री नड्डाले सबै प्रदर्शनकारीहरूलाई धरना समाप्त गर्न र स्थिति सामान्य बनाउन प्रशासनलाई सहयोग गर्न आग्रह गर्नुभयो।

**विदेश मंत्रालय - एमवी गोल्डन लियो**

भारतले यूक्रेनको ओडेसा बंदरगाह बाट प्रस्थान भइरहेको जहाज एमवी गोल्डन लियो माथि भएको हमलाको कडा शब्दमा निंदा गरेको छ। विदेश मंत्रालयले यस हमलामा चार भारतीय नागरिकको ज्यान गएको अनि एक भारतीय गंभीर रूपले घाइते भएको बताएको छ| मंत्रालय अनुसार, घटनाको समय जहाजमा 17 चालक दलका सदस्यहरु सवार थिए जस मध्ये पांच भारतीय नागरिक शामिल थिए।

मंत्रालयले भनेको छ वाणिज्यिक जहाजहरुलाई निशाना बनाउनु , चालक दलको जीवन जोखिममा राख्ने र आवतजावत तथा व्यापार स्वतन्त्रतामा अवरोध गर्ने जस्ता घटना निन्दनीय छन्।

**डेंगू वैक्सीन**

भारतले डेंगूको पहिलो वैक्सीनलाई स्वीकृति दिएको छ। औषधि महानियंत्रकले टाकेडा बायोफार्मास्यूटिकल्स इंडिया द्वारा विकसित क्यूडेंगा वैक्सीनको विपणन को अनुमति प्रदान गरेको छ।
कंपनीका अनुसार यो वैक्सीन चारदेखि 60 वर्ष आयुका मानिसहरुका लागि स्वीकृत गरिएको छ र यसलाई डेंगू संक्रमणको पूर्व इतिहासको जांच नगरी लगाउन सकिनेछ। यसलाई यूरोपीय संघ, ब्रिटेन, ब्राजील, इंडोनेशिया र अर्जेंटीना सहित 40 भन्दा अधिक देशहरुमा स्वीकृति प्राप्त भइसकेको छ।

**राष्ट्रीय सुरक्षा सलाहकार-पुरस्कार**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल यस वर्षको लोकमान्य तिलक राष्ट्रिय पुरस्कारका लागि छनोट भएका छन्। लोकमान्य तिलकको १०६ औं पुण्यतिथिको अवसरमा उहाँलाई यो पुरस्कार प्रदान गरिने भएको छ। लोकमान्य तिलक स्मारक ट्रस्टका अध्यक्ष डा. रोहित तिलकले हिज एक पत्रकार सम्मेलनमा यो घोषणा गर्नुभएको हो।

**जम्मू-कश्मीर मौसम**

जम्मु कश्मीरमा हिज वर्षा सित जोडिएको ताजा घटनाक्रममा एक महिला अनि दुइ बाल बालिका सहित 12 जनाको मृत्यु भएको छ, भने पछिलो तिन दिनमा मृतकहरुको संख्या बढेर 23 भएको छ। अधिकारिहरुका अनुसार, बाढ़ प्रभावित राजौरी अनि पुंछ जिल्लामा अविरल भारी वर्षाको कारण बचाव अनि राहत कार्यमा बाधा आएको कारण सातजना निखोज छन्।

मुख्यमन्त्री उमर अब्दुल्लाले सीमावर्ती राजौरी र पूँछमा वर्षासँग सम्बन्धित घटनाहरूमा ज्यान गुमाउनेहरूका परिवारहरूलाई प्रत्येक-6 लाख रुपिया अनुग्रह राशी दिने घोषणा गर्नुभएको छ। मुख्य मन्त्रीले सबै जिल्ला प्रशासनलाई 24 जुलाईसम्म प्रत्येक 6 घण्टामा स्थिति रिपोर्ट पेश गर्न निर्देशन दिनु भएको छ।

**हिमाचल वर्षा**

हिमाचल प्रदेशको कांगड़ा, मंडी र सिरमौर जिल्लामा मौसम विभाग दवारा जारी रेड अलर्टको मद्देनजर आज सबै शिक्षण संस्थान बंद रहनेछन्। चंबा, कांगड़ा, कुल्लू, मंडी र सिरमौर जिल्लामा मुसलधारे वर्षाको चेतावनी जारी गरिएको छ।

**चीन ओपन बैडमिंटन**

भारतकी स्टार ब्याडमिन्टन खेलाडी पी.वी. सिन्धुले आजदेखि सुरु हुने चाईना ओपन 2026 ब्याडमिन्टन प्रतियोगितामा भारतीय टीमको नेतृत्व गर्नेछिन्। सिन्धुले महिला सिंगल्सको राउन्ड अफ 32 को आफ्नो पहिलो म्याचमा आफ्नै देशकी उन्नती हुड्डाको सामना गर्नेछिन्।देविका सिहागले पनि महिला सिंगल्स ड्रमा प्रतिस्पर्धा गर्नेछिन्।